## प्रदेश सरकार, बागमती प्रदेश, मन्त्रिपरिषद् निर्णय

---

**सम्वत् २०७८ साल माघ २१ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | “वर्तमान सरकारको १०० दिनको उपलब्धिहरू उल्लेख भएको दस्तावेज” सार्वजनिकीकरण गर्ने |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०७८ साल माघ १७ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | "प्रदेश किताबखाना (स्थापना तथा कार्यसञ्चालन) आदेश, २०७८" स्वीकृत गर्ने। प्रदेश किताबखानाको कार्यसञ्चालनका लागि आवश्यक "सङ्गठन संरचना तथा दरबन्दी तेरिज" स्वीकृत गर्ने। |
| २. | "प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड २०७८" को मस्यौदालाई स्वीकृत गर्ने । |
| ३. | सोनम ल्होसार पर्वको उपलक्ष्यमा मिति २०७८ साल माघ १९ गते बुधवारका दिन बागमती प्रदेश भर सार्वजनिक बिदा घोषणा गर्ने। |
| ४. | प्रदेश सरकारका मन्त्रालय/निकाय/कार्यालयको छाप तथा लेटरप्याडको नमुना स्वीकृत गर्ने। |
| ५. | "शैक्षिक छात्रवृत्ति निर्देशिका, २०७८" स्वीकृत गर्ने । |
| ६. | भिमेश्वर नगरपालिका (चरिकोट अस्पतालको लागि) र रत्ननगर नगरपालिका (बकुलर अस्पतालको लागि)को प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्न स्वीकृति दिने। |
| ७. | प्रदेश सरकारको व्यवस्थापनमा आएका ५ अस्पतालको चालु आ.व.को दोस्रो चौमासिक सम्मको बजेट रकमान्तर गरी सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिन स्वीकृति दिने। |
| ८. | प्रदेशका विपन्न नागरिक एवं आकस्मिक उपचारका लागि रक्तसञ्चार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ स्वीकृत गर्ने। |
| ९. | चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ स्वीकृत गर्ने। |
| १०. | सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७८ स्वीकृत गर्ने। |
| ११. | "शीत भण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८" मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा छलफल गरी पेश गर्ने। |
| १२. | प्रदेश सहकारी विकास बोर्ड विनियमावली, २०७८ स्वीकृत गर्ने। |
| १३. | बागमती प्रदेश सरकारको साझा न्यूनतम कार्यक्रम, २०७८ को बुँदा नं.२२ र २४ मा क्रमशः रासायनिक मल कारखाना एवम् कृषि औजार कारखानाको स्थापना गर्ने र बुँदा नं. २७ मा विभिन्न स्थानमा सुरुङ्ग मार्ग निर्माण गर्ने विषय उल्लेख भएको हुँदा यी विषयमा आवश्यक गृहकार्य गरी कार्ययोजना पेश गर्न विषयगत मन्त्रालयहरू क्रमशः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय एवम् भौतिक पूर्वाधार विकास मन्त्रालयलाई निर्देशन दिने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०७८ साल माघ ६ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | "सङ्गठन संरचना तथा दरबन्दी तेरिज सहितको संक्षिप्त सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण" स्वीकृत गर्ने। |
| २. | "प्रशासनिक भवनका लागि जग्गा पहिचान समिति" गठन गर्ने। |
| ३. | मन्त्रिपरिषद् समितिहरू गठन गरी संयोजक र सदस्यहरू तोक्ने। |
| ४. | बागमती प्रदेश सरकारको साझा न्यूनतम कार्यक्रम, २०७८ को कार्यान्वयन अनुगमन गर्न "उच्चस्तरीय अनुगमन समिति" गठन गर्ने। |
| ५. | "प्रदेशको वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७८" स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।